नेपालको पहिलो बैंक

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

## नेपाल बैंक लिमिटेडको ६६ औँ वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरू

नेपाल बैंक लिमिटेड सञ्चालक समितिका अध्यक्ष प्रा.डा.डिल्लीराज शर्माज्यूको सभापतित्वमा मिति २०८२ पौष ३० गते बुधबार (तदानुसार १४ जनवरी २०२६) का दिन, नेपाल पुलिस क्लब, भृकुटीमण्डप, काठमाडौँमा बिहान ११:०० बजे सुरु भई दिनको १२:४५ बजेसम्म पूर्व निर्धारित विषय माथि छलफल गरी सम्पन्न भएको ६६ औँ वार्षिक साधारण सभाको निर्णय अभिलेख (माइन्युट) को संक्षिप्त विवरण देहाय बमोजिम रहेकोले शेयरधनी महानुभावहरूको जानकारीका लागि प्रकाशित गरिएको छ ।

१. **सभाको सूचना जारी :**

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली अनुसार सञ्चालक समितिको मिति २०८२ पौष ७ गते सोमबार बसेको छब्बिसौँ बैठकले बैंकको ६६ औँ वार्षिक साधारण सभा मिति २०८२ पौष ३० गते बुधबारका दिन बिहान ११:०० बजे नेपाल पुलिस क्लब, भृकुटीमण्डप, काठमाडौँमा बस्ने निर्णय गरे अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि वार्षिक साधारण सभा सम्बन्धी सूचना मिति २०८२ पौष ८ गतेको गोरखापत्र दैनिकमा प्रथम पटक, मिति २०८२ पौष ९ गतेको गोरखापत्र दैनिकमा दोस्रो पटक र बैंकको वेभसाइटमा समेत प्रकाशित गरी सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको ।

२. **छलफलका विषयहरू :**

क. सामान्य प्रस्तावहरू :

१. आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०८१/८२ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ र लेखापरीक्षण ऐन २०७५ को दफा ११ अनुसार आर्थिक वर्ष २०८२/८३ को लागि लेखापरीक्षक नियुक्त गर्ने र पारिश्रमिक निर्धारण गर्ने ।

ख. विशेष प्रस्तावहरू :

१. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्थामा संशोधन गर्न बैंकको नियमावलीको नियम ३१ मा संशोधन गर्ने ।

२. प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरबदलको सुझाव प्राप्त भएमा सो बमोजिम आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

नेपाल बैंक लिमिटेड NEPAL BANK LIMITED प्रधान कार्यालय सञ्चालक समितिको सचिवालय

३. <u>उपस्थिति</u> :

३.१ सञ्चालकहरू :

| | | |
|---|---|---|
| १. | प्रा.डा.डिल्लीराज शर्मा | अध्यक्ष |
| २. | श्री महेश भट्टराई | सञ्चालक |
| ३. | श्री साधना घिमिरे | सञ्चालक |
| ४. | श्री माया आचार्य | सञ्चालक |
| ५. | श्री जीवन कुमार कट्वाल | सञ्चालक |
| ६. | श्री बद्री खनाल | सञ्चालक |

३.२ पदाधिकारीहरू :

| | | |
|---|---|---|
| १. | श्री तिलक राज पाण्डेय | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री होम बहादुर खड्का | नायब प्रमुख कार्यकारी अधिकृत |

३.३ शेयरधनी नेपाल सरकारको तर्फबाट :

| | | |
|---|---|---|
| १. | श्री हिरण्य प्रसाद पराजुली | उप महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय (प्रतिनिधि, शेयरधनी नेपाल सरकार) |

३.४ प्रतिनिधि तथा पर्यवेक्षकहरू:

| | | |
|---|---|---|
| १. | श्री नरेन्द्र कुमार कार्की | शाखा अधिकृत, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा |
| २. | श्री नर बहादुर ठगुन्ना | सहायक रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय |
| ३. | श्री मातृका खनाल | बरिष्ठ सहायक, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड |

३.५ बाह्य लेखापरीक्षकहरू:

| | | |
|---|---|---|
| १. | श्री प्रदिप कुमार श्रेष्ठ | प्रदिप एण्ड कम्पनी, चाटर्ड एकाउन्टेण्ट्स |

४. <u>शेयरधनीहरूको उपस्थिति तथा गणपूरक संख्या</u> :

| उपस्थित शेयरधनीको संख्या | उपस्थित शेयरधनीहरूले ग्रहण गरेको शेयर | बैंकको कुल शेयर | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| ३३९ | ८,०६,०१,५४६ कित्ता | १४,६९,४०,२२९.२७८ कित्ता | ५४.८५ प्रतिशत |

५. <u>सभाको वैधानिकता र सभापतित्व</u> :

कम्पनी सचिव श्री केशव प्रसाद भण्डारीले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू तथा अतिथि महानुभावहरूमा बैंकको तर्फबाट स्वागत अभिवादन तथा उच्च सम्मान व्यक्त गर्दै सभाको वैधानिकताका सम्बन्धमा भएको व्यवस्थाको जानकारी गराउनु भयो ।

जानकारीका क्रममा उहाँले बैंकको नियमावली तथा कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार साधारण सभाको लागि गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको पचास (५०) प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरूमध्ये कम्तीमा ३ (तीन) जना शेयरधनीहरू स्वयम् वा आफ्नो प्रतिनिधि

नेपाल बैंक लिमिटेड NEPAL BANK LIMITED प्रधान कार्यालय सञ्चालक समितिको सचिवालय

मार्फत उपस्थित भएमा साधारण सभाको लागि गणपूरक संख्या पुगेको मानिने प्रावधान भए अनुरूप सभाहलमा आज भएको उपस्थितिले सभाको गणपूरक संख्या पुगेको जानकारी सभा समक्ष गराउनु भयो ।

कम्पनी सचिवले सभालाई विधिवत् रूपमा अगाडि बढाउने क्रममा साधारण सभाको सभापतित्व गरिदिनुहुन बैंक सञ्चालक समितिका अध्यक्ष प्रा.डा.डिल्लीराज शर्माज्यूलाई अनुरोध गर्नुभयो । त्यसपछि कम्पनी सचिवले क्रमैसँग बैंक सञ्चालक समितिका सदस्यहरू, बैंकका पदाधिकारीहरू, प्रतिनिधि तथा पर्यवेक्षकहरू, बाह्य लेखापरीक्षकहरू र बैंकका शेयर रजिष्ट्रार श्री हिमालयन क्यापिटल लिमिटेडका प्रमुख कार्यकारी अधिकृतलाई आसन ग्रहण गराउनु भयो । सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरू तथा अन्य उपस्थित महानुभावहरूलाई यथास्थानमा आसन ग्रहण गर्न र सभामा सक्रिय सहभागी हुनका लागि अनुरोध गर्नुभयो ।

आसन ग्रहण र राष्ट्रिय गानको कार्यक्रम पश्चात् पानसमा दीप प्रज्वलन गरेर ६६ औं वार्षिक साधारण सभाको समुद्घाटन बैंक सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति प्रा.डा.डिल्लीराज शर्माज्यूले गर्नुभयो ।

त्यसपछि कम्पनी सचिवले सभामा छलफल हुने प्रस्तावहरूको जानकारी सभा समक्ष गराउनु भयो । त्यस्तै, सभा समक्ष बैंक व्यवस्थापनको तर्फबाट आफ्ना प्रतिबद्धता व्यक्त गरिदिनुहुन बैंकका प्रमुख कार्यकारी अधिकृत श्री तिलक राज पाण्डेयज्यूलाई अनुरोध गर्नुभयो ।

तत पश्चात् सञ्चालक समितिको तर्फबाट ६६ औं वार्षिक साधारण सभामा अध्यक्षको मन्तव्य तथा सभामा प्रस्तुत हुने सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गरिदिनुहुन सभाका सभापतिलाई अनुरोध गर्नुभयो ।

६. **प्रमुख कार्यकारी अधिकृतको प्रतिबद्धता :**

सभाका सभापति तथा बैंक सञ्चालक समितिका अध्यक्षको अनुमतिले बोल्नुहुँदै बैंकका प्रमुख कार्यकारी अधिकृत श्री तिलक राज पाण्डेयज्यूले बैंकको वर्तमान अवस्थाको संक्षिप्तमा जानकारी गराउनु हुँदै बैंकको व्यवसाय विस्तार, सञ्चालन र व्यवस्थापनलाई थप चुस्त दुरुस्त बनाउँदै आगामी दिनमा सरोकारवालाहरूको अपेक्षा अनुरूप अगाडि बढ्ने प्रतिबद्धता सभा समक्ष व्यक्त गर्नुभयो ।

७. **अध्यक्षको मन्तव्य तथा सञ्चालक समितिको प्रतिवेदनको प्रस्तुति :**

सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्ष प्रा.डा.डिल्लीराज शर्माज्यूले सहभागी शेयरधनी महानुभावहरू, प्रतिनिधि, पर्यवेक्षक, अतिथिहरू, बैंकका शेयर रजिष्ट्रार श्री हिमालयन क्यापिटल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत, बाह्य लेखापरीक्षकहरू, नियमनकारी निकायका प्रतिनिधिहरू लगायत उपस्थित सम्पूर्ण महानुभावहरूलाई स्वागत अभिवादन व्यक्त गर्दै अध्यक्षको मन्तव्य तथा सञ्चालक समितिको तर्फबाट ६६ औं वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । साथै, साधारण सभामा प्रस्तुत प्रस्तावहरू तथा बैंकको ६६ औं वार्षिक प्रतिवेदनमा छलफल गरी पारित गरिदिनुहुन शेयरधनी महानुभावहरूलाई अनुरोध गर्नुभयो ।

८. **छलफलमा सहभागी भई मन्तव्य व्यक्त गर्नुभएका शेयरधनी महानुभावहरू :**

बैंकको ६६ औं वार्षिक साधारण सभामा पेश भएका प्रस्ताव तथा वार्षिक प्रतिवेदन उपर छलफलमा सहभागी शेयरधनी महानुभावहरूको नामावली :

१. श्री नरसिंह लाल चँखु
२. श्री हिरण्य प्रसाद पराजुली (नेपाल सरकारको तर्फबाट)

त्यस्तै, शेयरधनीहरू श्री चन्द्र नारायण श्रेष्ठ तथा श्री निरूपमा गुप्ताले लिखित सुझाव दिनुभएको थियो ।

नेपाल बैंक लिमिटेड NEPAL BANK LIMITED प्रधान कार्यालय संचालक समितिको सचिवालय

९. **शेयरधनी महानुभावहरूले व्यक्त गर्नुभएका जिज्ञासा एवम् सुझावको सारांश :**

साधारण सभामा सहभागी शेयरधनी महानुभावहरूले पौष मसान्तभित्र साधारण सभा सम्पन्न गरेकोमा धन्यवाद ज्ञापन गर्दै मन्तव्य तथा लिखित रूपमा दिनुभएका सुझावहरूको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छ ।

- बैंकको वार्षिक साधारण सभा पौष महिना अगावै सम्पन्न गर्ने ।
- बैंकका प्रमुख वित्तीय परिसूचकहरूमा समय सापेक्ष सुधार गर्दै शेयरधनीहरूको लाभांशको अपेक्षा पुरा गर्ने दिशामा अघि बढ्ने ।
- समग्र बैंकिङ उद्योगको खराब कर्जा तथा गैर बैंकिङ सम्पत्तिमा तीव्र वृद्धि हुँदै गइरहेको परिप्रेक्षमा सोको न्यूनीकरणका लागि ठोस कार्ययोजना बनाई अगाडि बढ्ने ।
- बैंकिङ उद्योगको तुलनात्मक अध्ययन गर्दै बैंकले सुधार गर्नुपर्ने क्षेत्रहरूको पहिचान गर्दै अघि बढ्ने ।
- बैंकको कासा (CASA) बचतको समुचित परिचालनमा जोड दिने ।
- बैंकको सम्पत्तिको गुणस्तर कायम राख्दै प्रभावकारी परिचालनमा विशेष ध्यान दिने ।
- सुशासन तथा वित्तीय अनुशासनमा जोड दिँदै नाफामुखी रूपमा शाखा सञ्चालन गर्दै लैजाने ।
- सञ्चालन खर्चमा मितव्ययिता अपनाउँदै लैजाने ।
- संस्थागत सामाजिक उत्तरदायित्वको रकमलाई समाजका वास्तविक आवश्यकताका क्षेत्रमा खर्च गर्ने ।
- खुद ब्याज आम्दानीमा सुधार ल्याउन जोड दिने ।
- इम्पेयरमेन्ट चार्ज अन्तर्गत हाल व्यवस्था गरिएको रकमलाई फिर्ता गर्ने दिशामा पहल गर्ने ।
- बैंकको कर्मचारी परिचालन तथा व्यवस्थापनलाई नतिजामुखी बनाउन केन्द्रित रहने ।
- प्रविधिमा आधारित सेवा विस्तारमा जोड दिँदै डिजिटल पूर्वाधारमा लगानी बढाउने ।
- बैंकिङ प्रणालीमा देखापर्ने विभिन्न प्रकारका जोखिम न्यूनीकरणका उपायहरूको अवलम्बन गर्ने ।

१०. **शेयरधनीहरूको जिज्ञासा एवम् सुझाव उपर प्रतिउत्तर :**

शेयरधनी महानुभावहरूले आफ्ना जिज्ञासा एवम् सुझाव राख्ने कार्य सम्पन्न भए पश्चात् सभाका सभापति तथा बैंक सञ्चालक समितिका अध्यक्षज्यूले बैंकको उन्नति तथा प्रगतिका लागि दिनुभएका विभिन्न महत्वपूर्ण सुझावका लागि सम्पूर्ण शेयरधनी महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दै शेयरधनी महानुभावहरूले नीतिगत सुधार, जोखिम व्यवस्थापन, खराब कर्जा तथा गैर बैंकिङ सम्पत्तिको हिस्सा न्यूनीकरण, कर्मचारी दक्षता अभिवृद्धि लगायत अन्य विषयमा दिनुभएका सुझावहरूको सुक्ष्म रूपमा अध्ययन, विश्लेषण गरी क्रमशः कार्यान्वयन गर्दै लगिने विश्वास सभा समक्ष दिलाउनु भयो । त्यस्तै, अध्यक्षज्यूले बैंकको मुनाफा तथा वित्तीय परिसूचकहरूमा वृद्धि गरी शेयरधनीहरूलाई लगानीको प्रतिफल दिन सञ्चालक समिति तथा व्यवस्थापन दत्तचित्त भएर लाग्ने सभा समक्ष जानकारी गराउनु भयो ।

साथै, सुशासन तथा अनुपालनाको प्रभावकारितामा अभिवृद्धि गर्दै सरकार र सर्वसाधारणको अपेक्षा पुरा गर्ने सार्वजनिक दायित्वमा बैंक खरो उत्रिने प्रतिबद्धता समेत सभा समक्ष व्यक्त गर्नुभयो ।

११. **सभाको निर्णय :**

**सामान्य प्रस्तावहरू :**

१. आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सर्वसम्मतिबाट पारित भयो ।

नेपाल बैंक लिमिटेड NEPAL BANK LIMITED प्रधान कार्यालय सञ्चालक समितिको सचिवालय

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०८१/८२ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू सर्वसम्मतिबाट पारित भयो।

३. कम्पनी ऐन, २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ मा भएको व्यवस्था अनुसार आर्थिक वर्ष २०८२/८३ का लागि देहायको पारिश्रमिक, सेवा, शर्त र सुविधा प्रदान गर्ने तथा श्री महालेखापरीक्षकको कार्यालयबाट परामर्श प्राप्त भए पश्चात् लेखापरीक्षक नियुक्त गर्ने अधिकार सञ्चालक समितिलाई दिने प्रस्ताव सर्वसम्मतरूपमा पारित भयो।

<u>लेखापरीक्षकको पारिश्रमिक, सेवा, शर्त र सुविधा</u> :

(क) लेखापरीक्षण गरे बापत लेखापरीक्षकलाई मूल्य अभिवृद्धि कर सहित जम्मा रू.४४,०७,०००/- (अक्षरेपि चौवालिस लाख सात हजार मात्र) पारिश्रमिक उपलब्ध गराउने। उक्त पारिश्रमिकमले Audit Fees, Tax Audit Fees, Long Form Audit Report (LFAR), Section 78 र Corporate Govevernance Report समेत समेट्ने गरी कार्य गराउने। महालेखापरीक्षकको कार्यालयबाट परामर्श प्राप्त हुँदा लेखापरीक्षकको संख्या एक भन्दा बढी भएमा उक्त रकम नै दामासाहीले उपलब्ध गराइने।

(ख) काठमाडौं उपत्यका बाहिर काम गरेको दिनमा वरिष्ठ चार्टर्ड एकाउन्टेण्ट वा फर्मका सो सरहका साझेदारलाई प्रतिदिन रू.३,६००/- (अक्षरेपि तीन हजार छ सय मात्र), चार्टर्ड एकाउन्टेण्ट वा ख वर्गका लेखापरीक्षकलाई प्रतिदिन रू.३,३००/- (अक्षरेपि तीन हजार तीन सय मात्र) र अन्य सहयोगी लेखापरीक्षक तथा सहयोगीलाई प्रतिदिन रू.२,५५०/- (अक्षरेपि दुई हजार पाँच सय पचास मात्र) दैनिक भत्ता तथा भ्रमण टिकट सुविधा उपलब्ध गराउने। स्थानीय परिवहन बापत प्रधान कार्यालयका तथा काठमाडौं उपत्यकाभित्रका कार्यालयहरूको हकमा प्रतिदिन रू.५००/- (अक्षरेपि पाँच सय मात्र) उपलब्ध गराउने।

(ग) महालेखापरीक्षकको कार्यालयले जारी गरेको संगठित संस्थाको लेखापरीक्षण सम्बन्धी निर्देशन, २०८० मा उल्लेख भए बमोजिम बाह्य लेखापरीक्षकले प्रति लेखापरीक्षक ५ (पाँच) जनासम्म सहायक लेखापरीक्षक राख्न पाउने। साथै, चार्टर्ड एकाउन्टेण्ट र ख वर्गको लेखापरीक्षकहरू, अन्य लेखापरीक्षकहरू र सहायकहरू समेत गरी ५ (पाँच) जनाभन्दा बढी सहायक लेखापरीक्षकहरू खटाउनुपर्ने अवस्थामा श्री महालेखापरीक्षकको कार्यालयको पूर्व स्वीकृति लिनुपर्ने।

(घ) लेखापरीक्षकले बैंकसँग सम्झौता भएको ७ (सात) दिनभित्र लेखापरीक्षणमा संलग्न हुने जनशक्ति विवरण समेतको विस्तृत लेखापरीक्षण योजना पेश गर्नुपर्ने।

(ङ) लेखापरीक्षकले मिति २०८३ आश्विन महिनाभित्र लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने।

(च) उल्लिखित सेवा, शर्त र सुविधाको अधिनमा रही बैंक व्यवस्थापन र लेखापरीक्षकबीच विस्तृत रूपमा कार्यसम्पादन सम्झौता गरिने र अन्य कुराहरू सम्झौतामा उल्लेख भए अनुसार हुने।

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय
सञ्चालक समितिको सचिवालय

विशेष प्रस्तावहरू :

१. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्थामा देहाय बमोजिम संशोधन गर्न बैंकको नियमावलीको नियम ३१ मा संशोधन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

नियमावलीको नियम ३१ को उप नियम (१) को देहाय (ग) को (अ) मा संशोधन

| सम्बन्धित नियम | साविकको व्यवस्था | प्रस्तावित संशोधन |
|---|---|---|
| परिच्छेद – ४<br>सञ्चालक समिति<br><br>३१. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था : | (१) (ग) बैंकको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।<br>अ) नेपाल भित्र भ्रमण गर्दा :<br>दैनिक भत्ता : रू.३,०००/- प्रतिदिन ।<br>आवास खर्च : बिल पेश गरेको आधारमा बढीमा रू.४,०००/- प्रतिदिन ।<br>खाना खर्च : बिल पेश गरेको आधारमा बढीमा रू.२,०००/- प्रतिदिन । | (१) (ग) बैंकको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।<br>अ) नेपाल भित्र भ्रमण गर्दा :<br>दैनिक भत्ता : रू.३,०००/- प्रतिदिन ।<br>आवास तथा खाना खर्च : आवास खर्च तथा खाना खर्च बापत प्रतिदिन एकमुष्ट रू.६,०००/- । |

२. प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरबदलको सुझाव प्राप्त भएमा सो बमोजिम आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

१२. धन्यवाद ज्ञापन तथा सभाको समापन :

बैंक सञ्चालक समितिका अध्यक्ष तथा साधारण सभाका सभापतिज्यूले समयमा उपस्थित भई सभाको गरिमा बढाउन साथै सभालाई भव्य र सभ्य रूपमा सफल पार्न उपस्थित शेयरधनी तथा सम्पूर्ण महानुभावहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । त्यस्तै, आजसम्म बैंकको श्रीवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने सबैको योगदानको स्मरण गर्नुभयो । साथै, बैंक सदैव शेयरधनी महानुभावहरूको हित संरक्षणमा लाग्ने प्रतिबद्धता पुनः दोहोऱ्याउँदै सभाको समापन गर्नुभयो ।

( केशव प्रसाद भण्डारी )
कम्पनी सचिव

( प्रा. डा. डिल्लीराज शर्मा )
अध्यक्ष

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय
सञ्चालक समितिको सचिवालय